जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३४७ • २०८३ असोज १९ गते सोमवार • 5 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# तराई-मधेसका महिलाले मनाउने जितिया पर्व आज विधिपूर्वक समापन



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ असोज

सन्तानको दीर्घायु, सुख, समृद्धि र स्वास्थ्यको कामना गर्दै विशेषगरी तराई-मधेसका महिलाले मनाउने जितिया पर्व आज विधिपूर्वक समापन भएको छ । असोज कृष्ण पक्षको अष्टमीदेखि नवमीसम्म मनाइने यो पर्व शुक्रबारदेखि सुरु भएको हो । जितियालाई 'जीवितपुत्रिका व्रत' पनि भनिन्छ। धार्मिक तथा सांस्कृतिक मान्यताअनुसार महिलाहरूले आफ्ना सन्तानको दीर्घायु, स्वास्थ्य र समृद्धिको कामना गर्दै निराहार व्रत बस्ने गर्छन्। व्रत बसेमा सन्तानलाई दुःख, पीडा तथा विभिन्न समस्याबाट जोगाउन सकिने विश्वास रहँदै आएको छ ।

जितिया पर्वको पहिलो दिन व्रतालु महिलाहरू नजिकैका पोखरी, तलाउ वा जलाशयमा स्नान गरी घिरौंलाको पातमा तोरीको तेल, सिन्दूर, तोरीको पिना (खैर), मेहन्दीको पात तथा फूललगायत सामग्री चढाएर 'नहाय-खाय' विधि पूरा गर्छन्। व्रतको पूर्वसन्ध्यामा मध्यरातमा दही-च्युरा, माछा तथा कोदो ( मरुवा) खाने परम्परा रहेको छ। त्यसपछि व्रतालु महिलाहरू शनिबार बिहान करिब ४ बजेदेखि निराहार व्रत बस्ने गर्छन् ।

आज आइतबार बिहान नवमी तिथि सुरु भएपछि पूजाआजा तथा धार्मिक विधि पूरा गरी व्रत तोडेसँगै जितिया पर्व सम्पन्न हुने व्रतालुहरूले बताएका छन्। व्रतको समापन पनि धार्मिक विधिअनुसार नै गरिन्छ । थारू समुदायमा विशेष महत्त्व राख्ने जितियामा व्रतालु महिलाहरूले सन्तानको सुख, दीर्घायु र परिवारको समृद्धिको कामना गर्दै जिमुतवाहन देवताको पूजा गर्ने तथा जितियासँग सम्बन्धित धार्मिक कथा सुन्ने चलन छ। पूजाको क्रममा फलफूललगायत सामग्रीले डाली भर्ने परम्परा पनि रहेको छ । जितिया धार्मिक आस्था मात्र नभई तराई-मधेसका विभिन्न समुदायको मौलिक संस्कृति, परम्परा र सामाजिक एकताको प्रतीकका रूपमा समेत मनाइँदै आएको छ ।




# ७ सय मिटर लामो ४ फेजको 'एबीसी केबल' (ABC Cable) चोरी

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १८ असोज



महोत्तरीको सोनमा गाउँपालिका-५, खैरबनीबाट गएराति ७ सय मिटर लामो ४ फेजको 'एबीसी केबल' (ABC Cable) चोरी भएको छ । पूर्व-पश्चिम हुलाकी राजमार्गसँगै रहेको सशस्त्र प्रहरी बेसक्याम्प खैरबनीको ठ्याक्कै अगाडिबाट कृषि बाटोका १४ वटा पोलको तार काटेर चोरी गरिएपछि त्यस क्षेत्रको कृषि विद्युतीकरण पूर्ण रूपमा अवरुद्ध भएको छ ।

इलाका प्रहरी कार्यालय खैरबनीका प्रहरी इन्चार्ज कमल दाहाल भण्डारीले दिएको जानकारी अनुसार, विद्युतीकरण गरिएको उक्त कृषि बाटो भारतीय सीमा क्षेत्र भेडहियासँग जोडिएको छ । घटनालगत्तै भारतीय सीमा सुरक्षा बल (एसएसबी) सँग समेत समन्वय गरी तार तथा चोरीमा संलग्नहरूको खोजी कार्य तीव्र पारिएको इन्चार्ज भण्डारीले बताएका छन् ।

सशस्त्र प्रहरीको बेसक्याम्प जस्तो संवेदनशील सुरक्षा निकायको ठीक अगाडिबाट यसरी ठूलो परिमाणमा तार चोरी हुनुले स्थानीय सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्नचिह्न खडा भएको स्थानीय जनप्रतिनिधिहरूको गुनासो छ । यस क्षेत्रमा पछिल्लो समय विद्युतीय सामग्री चोरीका घटनाहरू डरमर्दो ढङ्गले बढ्दै गएका छन् । यसअघि गत आइतबार (भदौ ११ गते) मात्रै सोही गाउँपालिकाको वडा नं. २ र ६ बाट एकै रातमा दुईवटा ट्रान्सफर्मरसमेत चोरी भएका थिए ।

दिनप्रतिदिन ट्रान्सफर्मर, केबल र तार चोरीका घटना हुन थालेपछि यस क्षेत्रका किसान तथा स्थानीय बासिन्दाहरू चिन्तित बनेका छन् ।

# धनुषाको नगराइन नगरपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ असोज



समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत धनुषाको नगराइन नगरपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ ।

प्रहरी सेवा, सुरक्षा व्यवस्थालगायत स्थानीयस्तरका समस्या र नागरिकका गुनासा प्रत्यक्ष रूपमा सुन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । नगराइन नगरपालिकास्थित राजेश्वर निधि माध्यमिक विद्यालयको सभाहलमा जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजना तथा इलाका प्रहरी कार्यालय जटहीको समन्वय र सहकार्यमा कार्यक्रम गरिएको हो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अध्यक्षता गरेका थिए भने नगराइन नगरपालिकाका नगर प्रमुख विनयकुमार यादव प्रमुख अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा वडा अध्यक्ष तथा जनप्रतिनिधि, महिला सञ्जालका सदस्य, विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मी, स्थानीय बुद्धिजीवी, शिक्षक र विद्यार्थी गरी करिब ११० जनाको सहभागिता रहेको प्रहरीले जनाएको छ ।

कार्यक्रममा सहभागी स्थानीयले आफ्नो क्षेत्रमा देखिएका सुरक्षा चुनौती, प्रहरी सेवा तथा शान्ति सुरक्षासँग सम्बन्धित विषयमा धारणा राखेका थिए । नागरिकका गुनासा र सुझावलाई सम्बोधन गर्दै प्रहरी र समुदायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको थियो। प्रहरीले नागरिकसँग प्रत्यक्ष संवाद गरी स्थानीय समस्या पहिचान गर्ने र आवश्यक समन्वयमार्फत समाधानको पहल गर्ने उद्देश्यले नागरिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइएको जनाएको छ । समुदायमा शान्ति सुरक्षा कायम गर्न प्रहरीको मात्रै प्रयास पर्याप्त नहुने भएकाले स्थानीय तह, नागरिक, विद्यालय, सामाजिक सङ्घसंस्था तथा अन्य सरोकारवालाबीच सहकार्य आवश्यक रहेको कार्यक्रममा सहभागीहरूले बताएका थिए ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# लगानीयोग्य वातावरणका बनाऔं

अहिले देखिएको आर्थिक समस्या आजको आजै वा भर्खरै सिर्जना भएको होइन । यसलाई विगत ४/५ वर्षको पृष्ठभूमिबाट हेर्नुपर्ने देखिन्छ। कोभिड महामारीका कारण सुरुमा समस्या आयो । कोभिडपछि राष्ट्र बैंकले केही उदार व्यवस्थाहरू गर्दा आयात अत्यधिक बढ्यो र विदेशी मुद्राको सञ्चितिमा दबाब पर्न गयो । त्यसपछि राष्ट्र बैंकले नियमनमा केही कडाइ गर्नुपर्‍यो, जसले गर्दा लगानी र आपूर्ति शृंखलामा असर पर्नुका साथै विभिन्न समस्याहरू सिर्जना भएको देखिन्छ । यसका साथै अन्तर्राष्ट्रिय जगतमा देखिएको ट्रेड वार, अमेरिका र अन्य राष्ट्रहरूबीचको द्वन्द्व, होर्मुज जलमार्गलगायतका आपूर्ति शृंखलामा देखिएका समस्याहरूले अन्तर्राष्ट्रिय बजार र वित्तीय क्षेत्रमा प्रभाव पारे, जसको असर बैंकिङ क्षेत्रमा पनि पर्‍यो । नेपालमा रेमिट्यान्सको आगमन उच्च रहेकाले तरलता त बढ्यो, तर सो अनुपातमा कर्जा प्रवाह हुन नसकेको देखिन्छ । कर्जा प्रवाह हुन नसक्नुको मुख्य कारण ओभरल एग्रिगेट डिमान्ड नबढ्नु रहेका छन । लाखौं युवाहरू वैदेशिक रोजगारीमा जाँदा देशभित्र माग बढ्न नसकेको छ । अर्कोतर्फ, व्यापारी तथा उद्योगपतिहरूले इमिडिएट फाइदा वा निकट भविष्यमा राम्रो हुने स्थिति नदेखेसम्म कर्जाको माग गर्दैन । वर्तमान अवस्था र निकट भविष्यप्रति पनि द्विविधा भएकाले व्यवसायीहरू 'वेट एन्ड सी' को अवस्थामा रहेको छ । घरजग्गाको मूल्य निकै माथि पुगेर विगत दुई वर्षदेखि स्थिर भएर बसेको देखिन्छ । अन्तमा सरकारले जे भन्छ, त्यो व्यवहारमा लागू गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । राष्ट्र बैंकले पनि लगानीयोग्य वातावरणका लागि खुकुलो र सहयोगी नीति बनाउनुपर्ने जरुरी रहेको छ ।

# नेपाल रेडक्रस सोसाइटी धनुषा शाखामा हाल ११९ युनिट रगत भण्डारण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ असोज




नेपाल रेडक्रस सोसाइटी धनुषा शाखामा हाल ११९ युनिट रगत भण्डारण रहेको छ ।

शाखाले सार्वजनिक गरेको असोज १८ गते आइतबारको रक्त भण्डार विवरणअनुसार विभिन्न रक्त समूहको गरी ११९ युनिट रगत मौज्दात रहेको हो । रेडक्रसका अनुसार हाल 'ए' पोजेटिभ समूहको २ युनिट, 'बी' पोजेटिभको ३७ युनिट, 'ओ' पोजेटिभको ६१ युनिट, 'एबी' पोजेटिभको १ युनिट, 'ओ' नेगेटिभको १ युनिट र 'एबी' नेगेटिभको २ युनिट रगत भण्डारणमा रहेको छ । भण्डारणमध्ये 'ओ' पोजेटिभ रक्त समूहको मौज्दात सबैभन्दा बढी रहेको छ । पछिल्लो समय विभिन्न स्वास्थ्य संस्थामा उपचारका लागि आउने बिरामी तथा आकस्मिक अवस्थाका बिरामीलाई आवश्यक पर्ने रगतको माग बढिरहेकाले नियमित रक्तदान आवश्यक रहेको रेडक्रसले जनाएको छ । नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाका सभापति पंकजकुमार महतोले रक्तदानलाई नियमित सामाजिक जिम्मेवारीका रूपमा अघि बढाउनुपर्ने बताए । उनले रगत कृत्रिम रूपमा उत्पादन गर्न नसकिने भएकाले बिरामीको जीवन बचाउन स्वस्थ व्यक्तिले समय समयमा रक्तदान गर्नुपर्नेमा जोड दिए । सभापति महतोका अनुसार आपत्कालीन अवस्थामा आवश्यक पर्ने रगतको अभाव हुन नदिन रक्तदान अभियानलाई निरन्तरता दिनु आवश्यक छ । उनले युवालगायत सबै स्वस्थ नागरिकलाई रक्तदानमा सहभागी हुन आग्रह गर्दै एक युनिट रगतले पनि कसैको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने बताए । रेडक्रस धनुषाले आवश्यक परेका बिरामीका लागि रक्त सेवा उपलब्ध गराउँदै आएको जनाएको छ ।

# जानकी मन्दिरको अगाडिको प्राङ्गणमा रहेको फाउन्टेन वर्षौंदेखि बिग्रिएको अवस्थामा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ असोज



जनकपुरधामको प्रमुख पर्यटकीय तथा धार्मिकस्थल जानकी मन्दिरको अगाडिको प्राङ्गणमा रहेको फाउन्टेन वर्षौंदेखि बिग्रिएको अवस्थामा रहँदा यसको संरक्षण र मर्मतसम्भारप्रति सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन । जानकी मन्दिर दर्शन तथा अवलोकनका लागि दैनिक ठूलो संख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरे पनि मन्दिरको मुख्य प्राङ्गणमै रहेको फाउन्टेन लामो समयदेखि प्रयोगविहीन र जीर्ण अवस्थामा रहेको छ ।

पर्यटकीय क्षेत्रको सौन्दर्य बढाउने उद्देश्यले निर्माण गरिएको संरचना वर्षौंसम्म मर्मत नहुँदा अहिले आफैँमा बेवास्ता गरेको जस्तो देखिएको स्थानीयको गुनासो छ । स्थानीय युवा श्याम चौधरीका अनुसार फाउन्टेन बिग्रिएको पाँच वर्षभन्दा बढी भइसक्दा पनि त्यसको मर्मतमा सम्बन्धित तीनै तहका सरकारको पर्याप्त ध्यान पुग्न सकेको छैन। उनले पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण स्थानमा रहेको संरचनाको सामान्य मर्मतसम्भार समेत हुन नसक्नु दुःखद भएको बताए । 'जनकपुरधामको पहिचान बोकेको जानकी मन्दिर अगाडि वर्षौंदेखि एउटा फाउन्टेन टुटेर अलपत्र अवस्थामा छ । यसलाई मर्मत गर्न सरकारसँग बजेट नभएको हो कि इच्छाशक्ति नभएको हो?' भन्ने प्रश्न चौधरीको छ । उनका अनुसार जानकी मन्दिरमा आउने पर्यटकले मन्दिरको धार्मिक तथा ऐतिहासिक महत्वसँगै वरपरको वातावरण र संरचनाको अवस्थालाई पनि नियाल्ने गर्छन् । यस्तो अवस्थामा मुख्य प्रवेश क्षेत्रमै वर्षौंदेखि बिग्रिएको संरचना देखिँदा जनकपुरधामको पर्यटन व्यवस्थापनप्रति नकारात्मक सन्देश जाने उनको भनाइ छ । 'दिनहुँ हजारौं मानिस आउने ठाउँमा वर्षौंदेखि एउटा फाउन्टेन मर्मत हुन नसक्नु सामान्य विषय होइन,' चौधरीले भने, 'पर्यटन प्रवर्द्धनका ठूला कुरा गर्ने सरकारले पर्यटकीयस्थलको सामान्य सौन्दर्य र संरचना संरक्षणमा पनि ध्यान दिनुपर्छ ।'


## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रूपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेषः पढाईमा ध्यान दिनुपर्ने
वृषः खानपानमा समस्या आउने
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः आम्दानी हुने
सिंहः अनावश्यक खर्चको संभावना
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः मित्रतामा फाटो आउने
वृश्चिकः अशुभ समाचार प्राप्त हुने
धनुः मनमा पछुतो आउने
मकरः अनावश्यक चिन्ता
कूम्भः लामो यात्राको योग छ
मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# अफ्रिकाको हर्न नयाँ क्षेत्रीय युद्धभूमि बन्दै



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ असोज

अफ्रिका महादेशको पूर्वमा स्थित हर्न क्षेत्रमा लामो समयदेखि दबिएर रहेको तनाव फेरि सतहमा आएको छ । हर्न क्षेत्रमा मुख्यत: इथियोपिया, इरिट्रिया, जिबुती र सोमालिया पर्छन् ।

यस क्षेत्रले लालसागर, बाब अल-मन्देब र हिन्द महासागरसँग जोडिएको महत्त्वपूर्ण भौगोलिक स्थान ओगटेकाले यसको रणनीतिक र भूराजनीतिक महत्त्व अत्यधिक छ । अहिले इथियोपिया र इरिट्रियाबिच कूटनीतिक सम्बन्ध विच्छेद भएपछि यस क्षेत्रमा नयाँ क्षेत्रीय द्वन्द्व भड्किन सक्ने चिन्ता बढेको छ । सुडानको गृहयुद्ध, नाइल नदीको पानीमाथिको विवाद र लालसागरमा इथियोपियाको पहुँचको प्रयासले यस क्षेत्रको तनावमा थप जटिलता थपेको छ । इथियोपियाले बिहीबार इरिट्रियाको राजधानी अस्मारास्थित आफ्नो दूतावास बन्द गर्दै १० जना इरिट्रियाली कूटनीतिज्ञलाई ४८ घण्टाभित्र देश छाड्न आदेश दिएको थियो । इथियोपियाले इरिट्रियामाथि 'प्रत्यक्ष तथा अप्रत्यक्ष शत्रुता साँधेको' र त्यसले आफ्नो राष्ट्रिय सुरक्षामाथि खतरा सिर्जेको आरोप लगाएको छ ।

इरिट्रियाले पनि तत्काल प्रतिक्रिया दिँदै इथियोपियाको निर्णयलाई 'बेतुक' भन्दै कूटनीतिक सम्बन्ध तोड्ने घोषणा गरेको छ । यससँगै सन् २०१८ देखि कायम रहेको 'सन्देहपूर्ण शान्ति-सम्बन्ध'को औपचारिक अन्त्य भएको छ । पुरानो मित्रता कसरी फेरि दुश्मनीमा बदलियो ? इथियोपिया र इरिट्रियाबिचको पछिल्लो सम्बन्ध विच्छेद सन् २०१८ को ऐतिहासिक मेलमिलापको ठिक विपरीत छ । त्यतिबेला इथियोपियाका प्रधानमन्त्री अबी अहमदले दुई दशक लामो शत्रुतापूर्ण सम्बन्ध अन्त्य गर्दै इरिट्रियासँग सम्बन्ध पुन:स्थापित गरेका थिए । सीमा खोलिएपछि छुट्टिएका परिवारहरू पुन: मिल्न पाएका थिए । यही मेलमिलापका कारण अबीले सन् २०१९ को नोबेल शान्ति पुरस्कारसमेत पाएका थिए ।

तर त्यो मेलमिलाप दीर्घकालीन साझा रणनीतिमा भन्दा पनि साझा शत्रुतामा आधारित रहेको विश्लेषण गरिएको छ ।

# 'दृश्यम : द कन्क्लुजन'ले तेस्रो दिनमै पार गऱ्यो १५० करोड



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ असोज

अजय देवगन अभिनीत चलचित्र 'दृश्यम : द कन्क्लुजन'ले प्रदर्शनको तेस्रो दिन पनि भारतीय बक्स अफिसमा आफ्नो दबदबा कायम राखेको छ । 'दृश्यम' शृंखलाको अन्तिम चलचित्रका रूपमा आएको यो अपराधप्रधान चलचित्रले आइतबार १५० करोड भारतीय रुपैयाँको आँकडा पार गरेको हो ।

चलचित्रले प्रदर्शनको पहिलो दिन भारतमा ६२ करोड रुपैयाँ खुद कमाइ गरेको थियो । यो हिन्दी चलचित्रमध्ये अहिलेसम्मकै चौथो ठुलो पहिलो दिनको कमाइ हो । दोस्रो दिन शनिबार चलचित्रले ५३ करोड ५० लाख रुपैयाँ खुद कमाएको थियो । तेस्रो दिन आइतबार चलचित्रको कमाइमा पुन: वृद्धि देखिएको छ । आइतबार साँझ ५ बजेसम्म चलचित्रले १५४ करोड रुपैयाँ खुद कमाइ गरिसकेको छ । आइतबार बिहानका प्रदर्शनमा भारतभर करिब ४२ प्रतिशत दर्शक उपस्थिति रहेको थियो । केही दोस्रो र तेस्रो तहका सहरमा भने दर्शक उपस्थिति अझ बढी रहेको जनाइएको छ ।

चलचित्रको प्रदर्शनअघि नै यसको अग्रिम टिकट बिक्रीले ठुलो सुरुवातको संकेत गरेको थियो । प्रदर्शनको पहिलो दिनका लागि हिन्दी चलचित्रमध्ये चौथो उच्च अग्रिम टिकट बिक्री भएको थियो । प्रदर्शनअघि नै पहिलो सप्ताहन्तका लागि ५० करोड रुपैयाँभन्दा बढीको अग्रिम टिकट बिक्री भएको थियो । चलचित्रका १३ लाख टिकट प्रदर्शनअघि नै बिक्री भएका थिए ।

# छठ पूजा समितिको अध्यक्षमा सतीशकुमार लालदास निर्वाचित

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ असोज

जनकपुरधामस्थित श्री गंगासागर छठ पूजा समितिको अध्यक्षमा सतीशकुमार लालदास निर्वाचित भएका छन् ।

समितिको नयाँ कार्यसमिति चयनका लागि भएको निर्वाचनमा लालदासले १९ मत प्राप्त गर्दै अध्यक्ष पदमा विजयी भएका हुन् । निर्वाचनमा अध्यक्ष पदका अन्य उम्मेदवार सोनु निधिले १४ मत र कमलेश दासले ४ मत प्राप्त गरेका छन् । त्यस्तै, उपाध्यक्ष पदमा रामचन्द्र साह २२ मतसहित निर्वाचित भएका छन् भने सन्तोषकुमार गुप्ताले १४ मत प्राप्त गरेका छन् । सहसचिव पदमा महेश खत्वेले २५ मत र मनोज झाले १६ मत प्राप्त गरेको समितिले जनाएको छ ।

कोषाध्यक्ष पदमा भने राजकुमार साह र शिवूलाल दासले समान १८-१८ मत प्राप्त गरेपछि उक्त पदमा पुन: निर्वाचन हुने



भएको छ । सचिव पदमा मोहन राय तथा सदस्यहरूमा बसन्त वाग्ले, केशव शर्मा, महेन्द्र खत्वे र मण्डल निर्वाचित भएको जनाइएको छ । समितिको नयाँ कार्यसमिति चयनका लागि असोज १७ गते निर्वाचन भएको थियो ।


## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाड़ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाड़ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाड़ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाड़ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाड़ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाड़ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
गोलबजार नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाड़ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाड़ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
नरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

# लगानीको ढोका खोल्ने कि थुन्ने ?



-नेपालमा बैंकिङ प्रणालीमा लगानीयोग्य रकम प्रशस्त भए पनि नीतिगत अस्थिरता, नियामक हस्तक्षेप र असुरक्षाका कारण निजी क्षेत्र नयाँ लगानीमा हिचकिचाइरहेको छ । लगानीको वातावरण बनाउन नियमन र सुरक्षा प्रत्याभूति, पुँजी बजार सुधार, निजी क्षेत्रको सहभागिता, ऊर्जा तथा पूर्वाधार विकास र प्रशासनिक सहजीकरण आवश्यक रहेको लेखले औंल्याएको छ । निजी क्षेत्रले विशेषाधिकार नभई स्वच्छ, सुरक्षित, अनुमानयोग्य र सम्मानजनक वातावरण खोजिरहेको भन्दै राज्यले लगानीको ढोका खोल्ने कि नीतिगत संकोचमै अल्झिरहने भन्ने निर्णय गर्नुपर्ने निष्कर्ष प्रस्तुत गरिएको छ। हिजोआज व्यवसायी साथीहरूसँग कुरा गर्दा एउटै प्रश्न बारम्बार सुन्छु, लगानी गर्ने वातावरण कहिले सहज हुन्छ ? यो प्रश्न सामान्य गुनासो मात्र होइन । नेपालको निजी क्षेत्रले विगत केही वर्षदेखि भोगिरहेको संकटको प्रतिबिम्ब हो यो ।

बैंकमा लगानीयोग्य रकम प्रशस्त थुप्रिएको छ। तर लगानीकर्ता लगानी गर्न हिचकिचाइरहेका छन् । २०८२ फागुनको निर्वाचन भएर नयाँ सरकार बनेपछि वातावरण अनुकूल हुने आशा थियो । तर, नयाँ सरकार बनेको ६ महिना पुग्दासमेत व्यवसायीको मनोबल सुधार हुने र लगानीमैत्री वातावरण बन्ने अवस्था रहेन । निजी क्षेत्रका तर्फबाट हामीले राज्य र नीति-निर्माताहरूसँग बारम्बार लगानीको वातावरणबारे चिन्ता दोहोऱ्याउँदै आएका छौं । हामीले मुलुकमा लगानीमैत्री वातावरण निर्माण गर्न र व्यवसायीहरूको मनोबल बढाउन केही ठोस कार्यक्रम ल्याउनुपर्ने तथा नीतिगत व्यवस्था गर्नुपर्ने सुझाव दिने गरेका छौं । यी सुझाव कुनै एक व्यवसायी वा सीमित समूहको लाभका लागि नभई सम्पूर्ण अर्थतन्त्रलाई गति दिने र लगानीकर्ताको भरोसा फर्काउने उद्देश्यले प्रेरित छन् । हामीले दिएका सुझाव कुनै एक दिनको छलफलबाट मात्र आएका होइनन् । यी त वर्षौंदेखि व्यवसायीहरूले भोगेका समस्या, गुमाएका अवसर र सुस्ताएको धैर्यको सञ्चित नतिजा हुन् । आशा छ, हाम्रा सुझाव नीति-निर्माता र राज्यले गम्भीरतापूर्वक लिनेछन्, लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक नीति र कानुन संशोधन हुनेछन् ।

समयसँगै सबै कुरा सुधार हुँदै गएर मुलुकमा लगानीको वातावरण बन्नेछ । **नियमन र सुरक्षाको प्रत्याभूति** अहिले नियमनकारी निकायको क्षेत्राधिकारको विषय गम्भीर रूपमा उठ्ने गरेको छ । नेपाल राष्ट्र बैंक, बिमा प्राधिकरण, आन्तरिक राजस्व विभाग, धितोपत्र बोर्ड र कम्पनी रजिस्ट्रारको कार्यालय जस्ता विशिष्टीकृत नियामक निकाय पूर्णरूपमा क्रियाशील छँदाछँदै साधारण वित्तीय, व्यावसायिक वा प्रक्रियागत त्रुटिमा समेत प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लगायतका सुरक्षा निकायमार्फत सिधै हस्तक्षेप गर्ने र व्यवसायीलाई पक्राउ गर्ने प्रवृत्तिले व्यवसायी वर्गमा त्रास सिर्जना गरिरहेको छ । नियामक निकायले आफ्नो जिम्मेवारी राम्ररी पूरा नगर्ने र त्यसलाई अपराधको बिल्ला भिराएर आफू पन्छिने गरेको जस्तो देखिएको छ। अर्को कुरा, एउटा व्यवसायीको असफलता अपराध होइन । व्यावसायिक असफलता र आपराधिक नियत फरक विषय हुन् । यिनलाई एउटै तराजुमा राख्न मिल्दैन । पहिला सम्बन्धित नियामकबाट छानबिन हुनुपर्छ। दोष पुष्टि भएपछि मात्र फौजदारी कारबाही अगाडि बढाउनुपर्छ । लगानीमैत्री कानुनी प्रक्रिया सुनिश्चित नभएसम्म कुनै पनि लगानीकर्ताले निर्धक्क भएर नेपालमा पुँजी लगाउन सक्दैन । नयाँ लगानीका साथै लगानी विस्तार हुन सक्दैन । अहिलेको सरकारले हेटौंडा कपडा उद्योगलगायत विभिन्न रुग्ण तथा बन्द उद्योग मर्मत गर्दै सञ्चालन गर्न थालेको छ। व्यापार-व्यवसाय गर्ने काम निजी क्षेत्रको हो । राज्यले गर्ने बिलकुल होइन। राज्यले त पारदर्शी रूपमा नियमन र सुपरिवेक्षण गर्नुपर्छ ।एकजना सफल व्यवसायी बनाउन राज्यलाई पनि वर्षौं लागेको हुन्छ। तर एउटा गलत नीति वा अविश्वासले त्यो मिहिनेत क्षणभरमै भत्काउन सक्छ । व्यवसायीले आफ्नो पुँजी, समय र सपना दाउमा राखेर देश बनाउने काम गर्छ । उसले रोजगारी दिन्छ, राजस्व तिर्छ र अर्थतन्त्रलाई गति दिन्छ । अझ हामीले बुझ्नुपर्ने कुरा, व्यवसायी उत्पादन गर्न वर्षौं कुर्नुपर्छ । आज लगानी गरेर भोलि नै फल पाइँदैन । उद्योग, कारखाना उभिन र बजार बन्न लामो समय लाग्छ । त्यसबीचको समय धैर्यको कठिन परीक्षा हो । व्यावसायिक सपना र महत्त्वाकांक्षा त धेरैसँग हुन्छ, तर जोखिम लिने आँट सबैमा हुँदैन । त्यसैले व्यवसायी शंकाको पात्र होइन, सम्मानको हकदार हो ।

राज्यले उसलाई साझेदार मानेर नीतिमा स्थिरता दिनुपर्छ, काममा सहजता बनाउनुपर्छ र समाजमा इज्जत दिनुपर्छ। उत्पादन गर्ने हातलाई सम्मान गर्ने समाज मात्र समृद्ध बन्न सक्छ । चेक अनादरजस्ता सानातिना कारणले नै उद्योगी व्यवसायीलाई सिधै कालोसूचीमा राख्ने हालको कठोर व्यवस्थाले साना र मझौला व्यवसाय अनावश्यक झमेलामा परेका छन् । यस्ता चेक अनादरका घटनामा रकम, पटक र प्रकृतिका आधारमा तहगत कारबाहीको व्यवस्था गर्न सकिन्छ। ताकि साना त्रुटिका कारण व्यवसाय नै ठप्प नहोस् । साथै, राज्यका निकायबाट तोकिएको सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी इजाजतपत्र पाइसकेका आयोजनाहरूमा कार्यान्वयनका क्रममा देखा पर्ने स्थानीय अवरोध, मुआब्जा विवाद वा प्रशासनिक ढिलासुस्ती समाधान गर्ने जिम्मेवारी राज्यले नै लिने कानुनी प्रत्याभूति दिनुपर्छ । यसो नभएसम्म स्वीकृत आयोजना पनि सुरक्षित छैनन् भन्ने सन्देश गइरहनेछ । यसले लगानीकर्तालाई निराश मात्र बनाउँदैन, थप लगानीको वातावरण पनि बिगार्न सक्छ । वित्तीय तथा पुँजी बजारः अहिले बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम प्रशस्त भए पनि बजारको प्रतिकूल अवस्थाका कारण निजी क्षेत्र नयाँ लगानीमा उत्साहित हुन सकेको छैन । त्यसैले वाणिज्य बैंकलाई विदेशी बैंकमा निक्षेप राख्न र विदेशमा शाखा खोल्न, लगानी गर्न नीतिगत अनुमति दिइनुपर्छ। यसले बैंकहरूले वैकल्पिक प्रतिफल पाउने अवस्था बन्न सक्छ । सरकारले प्राप्त गर्ने करको दायरा पनि बढ्छ । उक्त पुँजी आवश्यक परेको बेला नेपाल फिर्ता ल्याएर पुनः लगानी गर्न सकिन्छ। हाम्रा संस्थागत लगानीकर्ताहरू जस्तै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र नेपाल बिमा प्राधिकरणअन्तर्गतका थुप्रै बिमा कम्पनीको बिमा कोषको ठूलो रकम न्यून ब्याजदरमा बैंकमै थुप्रिएको छ । यसको निश्चित प्रतिशत रकम ठूला र रणनीतिक विकास परियोजनाहरू, पूर्वाधार, कृषि तथा उत्पादनशील क्षेत्रमा अनिवार्य लगानी हुने व्यवस्था गर्न सके एकातर्फ अहिले यी संस्थाले पाउने ब्याज (प्रतिफल) निकै गुणाले बढाउन सकिन्छ भने अर्कोतर्फ राज्यलाई आवश्यक पुँजी जुटाउन पनि सहयोग पुग्नेछ । त्यसैगरी, वित्तीय क्षेत्रको खराब कर्जा र निष्क्रिय सम्पत्तिको व्यवस्थापन गर्न निजी क्षेत्रको सक्रिय सहभागितामा 'एसेट म्यानेजमेन्ट कम्पनी' तत्काल स्थापना गरिनुपर्छ ।

धितोपत्र बोर्डमा प्राथमिक सेयर निष्कासन, हकप्रद सेयर र कर्पोरेट ऋणपत्रका कैयौं फाइल लामो समयदेखि थाती छन् । तीबारे समयमै निर्णय नहुँदा ठूलो रकम निष्क्रिय छ । यी फाइललाई पारदर्शी र समयसीमा तोकेरै स्वीकृत गरी बजारमा पुँजी परिचालन गर्न सकिन्छ । यसले निरन्तर गिर्दो बजारलाई समयमै सुधार गर्नेछ र अहिलेको सेयर बजारको गतिरोध अन्त्य गर्नेछ । त्यसैगरी, संस्थापक सेयरधनीले निश्चित प्रतिशत सेयर पुँजी बजारमार्फत नियमित कारोबार गर्न पाउने स्पष्ट र दीर्घकालीन नीति बनाउन सके लगानीकर्तालाई एउटै आयोजना वा कम्पनीमा सीमित नगरी उनीहरूको लगानी विभिन्न क्षेत्र र आयोजनामा विस्तार गर्न सहजता हुनेछ ।

यी सबै उपायले पुँजी बजारमा नयाँ जीवन भर्न सक्छ । लगानीकर्ताको मनोबल बढाउन सक्छ । पुँजीको कारण रोकिएको आयोजना अगाडि बढ्नेछ। र, समग्र अर्थतन्त्रलाई नै चलायमान बनाउन सक्छ। अहिले उद्योगी व्यवसायीहरू सशंकित भएको अर्कोर् महत्त्वपूर्ण विषय हो, राज्य आफैंले उद्योग कलकारखाना सञ्चालन गर्ने र निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने प्रवृत्ति । अहिलेको सरकारले हेटौंडा कपडा उद्योगलगायत विभिन्न रुग्ण तथा बन्द उद्योग मर्मत गर्दै सञ्चालन गर्न थालेको छ । व्यापार-व्यवसाय गर्ने काम निजी क्षेत्रको हो । राज्यले गर्ने बिलकुल होइन । राज्यले त पारदर्शी रूपमा नियमन र सुपरिवेक्षण गर्नुपर्छ। हाम्रो संविधानले पनि यो कुरा स्पष्ट रूपमा भनेको छ । त्यसैले राज्यले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने अभ्यास त्यागेर रुग्ण र बन्द सरकारी संस्थानलाई सार्वजनिक निजी साझेदारी वा पूर्ण निजीकरणमार्फत निजी क्षेत्रलाई हस्तान्तरण गर्नुपर्छ । ऊर्जा र पूर्वाधार पुनरुत्थानः नेपालको जलस्रोत क्षमता अझै पनि पूर्णरूपमा उपयोगमा आएको छैन ।

साभार : कान्तिपुर ।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
विष्णुपुर गाउँपालिका कार्यालय
सिरहा, मधेश प्रदेश



जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।



अनुरोधकर्ता
सिरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday